स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ९ मध्यपुर थिमि भक्तपुर पुस २४ ,२०८२

भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं.

नगरसभाबाट स्वीकृत मितिः २०८२/०९/२४

मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन २०८२

प्रस्तावनाः

मध्यपुर थिमि नगरपालिका सहकारी ऐन, २०७९ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले मध्यपुर थिमि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र परिभाषाः (१) यो ऐनको नाम मध्यपुर थिमि नगरपालिका सहकारी (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन मध्यपुर थिमि नगरपालिका नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. मध्यपुर थिमि नगरपालिका सहकारी ऐन, २०७९ को दफा ८२ मा संशोधनः

१. मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९(यसपछि "मूल ऐन" भनिएको) को दफा ८२ को उपदफा (६) को खण्ड (ख)मा रहेको.....आवश्यक कागजात पेश गर्न लगाउने पछि देहायका शब्दहरु थप गरिएको छः- "कर्जा लिएको ऋण रकम, हिनामिना गरेको रकम पेस गर्न लगाउने, जेथा वा बैंकजमानत दिन लगाउने"

२.मूल ऐनको दफा ८२ को उपदफा (६) को खण्ड(ञ) सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) उपदफा (६) कोखण्ड (ख) मा उल्लेख गरिए अनुसार बिभिन्न स्रोतबाट प्राप्त भै कोषमा संकलित रकमबाट समस्याग्रस्त सहकारी संस्थाको सदस्य तथा बचतकर्ताको बचत रकम मापदण्ड अनुसार क्रमश फिर्ता वा भुक्तानी दिने"

३.मूल ऐनको दफा ८२ को उपदफा (६) को खण्ड(थ) पछि देहायको खण्ड (द)(ध)(न)(प) (फ) (ब) थप गरिएको छः-

(द)मध्यपुर थिमि नगरपालिकाको सहकारी नियमावली, २०८०को नियम २१ मा उल्लिखित ऋण असुली न्याधिकरणलाई प्राप्त सबै अधिकार समितिले प्रयोग गर्न सक्नेछ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

भोज राज थिमिरे प्रमुख प्रशासकीय अधिकृत

(ध) नगरकार्यपालिकाले अन्य कुनै सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी सो सहकारी संस्थाको व्यवस्थापनको थप जिम्मेवारी दिएमा सो समेत काम गर्ने।

(न) उपदफा (६) खण्ड (न) मा उल्लेखित समितिको कार्यावधि सकिनु भन्दा १५ दिन अगाडि समितिले प्रतिवेदन सहित सम्पूर्ण काजजात लगायत जिन्सी सामानहरु नगरपालिकालाई बुझाउनुपर्नेछ। समितिले गर्न बाँकी रहेका न्यायिक, अर्धन्यायिक, प्रशासनिक, आर्थिक लगायतका कार्यहरु नगरकार्यपालिकाले व्यवस्थापन गर्नेछ।

(प) समितिले छानविन एवम् अनुसन्धान गर्दा समस्याग्रस्त सहकारीका कुनै सञ्चालक, व्यवस्थापक, कर्मचारी, ऋणी मध्ये सो सहकारीको रकम अपचलन वा हिनामिना, दुरुपयोग गरेको देखिन आएमा सम्बन्धित व्यक्तिबाट समितिले मनासिब समय तोकी दाखिला गर्न लगाउन सक्नेछ। सो अनुरुप रकम दाखिला नगरी अटेर गर्नेका अलावा ठगी वा प्रचलित कानुन बिपरित फौजदारी कसुर अपराध गरेको देखिन आएमा निजलाई आवश्यक कारबाहीको लागि राय सहितको प्रतिवेदन सम्बन्धित निकाय वा नगरपालिका समक्ष पेस गर्न सक्नेछ।

(फ) समस्याग्रस्त सहकारी व्यवस्थापनको क्रममा विभिन्न स्रोतबाट प्राप्त रकम जम्मा हुने कोषको परिचालन समिति बहाल रहेको अवस्थामा समितिको सिफारिस अनुसार कोषको परिचालन हुनेछ।

(ब) यस ऐनमा उल्लेख भएका र यस नगरकार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बाहेकका कुरामा कुनै बाधा अड्चन परेमा प्रचलित कानुनको प्रतिकुल नहुने गरी समितिले नगर कार्यपालिकासँग समन्वयगरी आवश्यक मापदण्ड बनाउन सक्नेछ।

प्रमाणीकरण मिति : २०८२।०९।२४

आज्ञाले
भोज राज घोमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
थिमि नगरपालिका
२०७३